# <u>नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था</u>

**चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षा सम्वन्धमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट मिति २०७०/५/२८ मा निर्णय भई लागु गरिएका नयां प्रावधान निम्नानुसार भएको जानकारी गराइन्छ ।**

**<u>(१) नोभेम्बर २०१३ मा संचालन गरिने चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षा (पुरानो पाठ्यक्रम अनुसार) का सम्बन्धमा:</u>**

क) यस संस्थाले नोभेम्बर २०१३ मा संचालन गरिने चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षा (पुरानो पाठ्यक्रम अनुसार) मा सामेल हुनको लागि आशिंक बिषयको मात्र फर्म भर्न पाईने छैन (जस्तै: तिनवटा बिषय बांकी रहेको भए तिनैवटै बिषयको वा दुइवटा बिषय बांकी रहेको भए दुइवटै बिषयको फर्म भर्नु पर्नेछ र एउटा बिषय बांकी रहनेले मात्र एउटा बिषयको फर्म भर्न पाउने छ) ।

ख) उपरोक्त बमोजिम परीक्षामा सामेल हुन परीक्षा फर्म भरे बमोजिम सबै बिषयमा अनिवार्य उपस्थित हुनु पर्नेछ ।

ग) परीक्षाको फर्म भरेका परीक्षार्थीले कुनै बिषयको परीक्षामा अनुपस्थित भएमा वा परीक्षा त्यागेमा अर्थात Drop गरेमा पूरै बिषयको परीक्षा अनुत्तिर्ण भएको मानिने छ ।

घ) परीक्षा शुल्क साबिककै प्रति बिषय रु ४,०००/– (रु. चार हजार) लाग्नेछ ।

ङ) पूरानो पाठ्यक्रम अनुसार चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षा नोभेम्बर २०१३ सम्म अर्थात् अब एक पटक मात्र संचालन गरिनेछ ।

**<u>(२) जुन २०१४ र सो पश्चात संचालन गरिने चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षा (नयां पाठ्यक्रम अनुसार) CAP-III संगै गर्ने सम्बन्धमा:</u>**

क) यस संस्थाले जुन २०१४ र सो पश्चात चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षा (नयां पाठ्यक्रम अनुसार) चार्टर्ड एकाउन्टेन्सी अन्तिम तह (CAP-III) को परीक्षासंगै एउटै प्रश्नपत्रको आधारमा संचालन गरिनेछ । यस नयां व्यवस्था अनुसार संचालन गरिने चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षामा Corporate Law र Advanced Taxation गरि जम्मा दुई बिषयको रहनेछ ।

ख) दुई बिषयहरु Corporate Law र Advanced Taxation CAP-III तहको अलग अलग समुहमा रहेका बिषयहरु भएकाले Aggregate ५० प्रतिशतको व्यवस्था नगरी दुबै बिषयका परीक्षा एकै पटक दिई प्रत्येक बिषयमा ४० अंक वा सो भन्दा बढि अंक प्राप्त गरेको अवस्थामा मात्र उत्तीर्ण हुने व्यवस्था गरिएको छ ।

ग) बिषय छुट (Exemption) को सुबिधा पाउनको लागि कुनै एक बिषयमा कम्तीमा ६० प्रतिशत अंक प्राप्त गर्नु पर्नेछ र अर्को बिषयमा कम्तीमा ३० प्रतिशत अंक प्राप्त गर्नु पर्नेछ । यसरी ६० प्रतिशत अंक प्राप्त गरेको बिषयमा निजले बिषय छुट पाउने छ र यस्तो प्रकारको छुट त्यस पछि लगत्तै दिएको तीन पटकको परीक्षा सम्म कायम रहने छ ।

घ) एक बिषयमा बिषय छुट (Exemption) पाएको अवस्थामा मात्र अर्को बांकी एक बिषयको परीक्षा फर्म भर्न पाइने छ तर त्यो विषय उत्तीर्ण हुन कम्तीमा ४०% अंक ल्याउनु पनर्छे ।

ङ) प्रत्येक पटकको परीक्षामा प्रति बिषय रु. ६,०००/– (रु. छ हजार) लाग्नेछ ।

च) पुरानो पाठ्यक्रम अनुसार परीक्षा दिई अनुत्तिर्ण भएका परीक्षार्थीहरुको हकमा जुन २०१४ देखि Corporate Law मा मात्र अनुत्तिर्ण भएको भएमा Corporate Law को मात्र परीक्षा दिनु पर्नेछ र Direct Taxes वा Indirect Taxes वा दुबै बिषयमा अनुत्तिर्ण भएको भएमा Advanced Taxation बिषयको परीक्षा दिनु पर्नेछ । तीनवटै बिषय अनुतिर्ण भएको भएमा नयां पाठ्यक्रम अनुसार दुई बिषयको परीक्षा दिनु पर्नेछ ।

छ) २०१३ नोभेम्बर पछाडिका चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षामा पहिलो पटक समावेश हुन आउने परीक्षार्थीहरुको हकमा चार्टर्ड एकाउन्टेन्सी अन्तिम तह (CAP-III) मा छुट दिएका बिषयहरुमा प्रति बिषय रु. ३,०००/– (रु. तीन हजार) शुल्क लाग्नेछ ।